# निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको
# वित्तीय विवरण सम्बन्धी निर्देशन

बीमा ऐन,२०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बित्तीय विवरण सम्बन्धमा बीमा समितिले देहायको निर्देशन दिएको छ ।

**१. निर्देशन बमोजिम हुनु पर्ने :**

१.१ बीमकले लेखा राख्दा, वित्तीय विवरण तयार गर्दा, प्रकाशित गर्दा र पेश गर्दा यस निर्देशन बमोजिम गर्नु पर्नेछ ।

१.२ यस निर्देशनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानून तथा लेखामान, सामान्यतः स्वीकार्य लेखा सिद्धान्त (Generally Accepted Accounting Principles) बमोजिम गर्नु पर्नेछ ।

१.३ यस निर्देशनमा जुनसुकै कुरा लेखिएको भएतापनि बीमकको आन्तरिक प्रयोजनको निमित्त अन्य विवरण तयार गर्न यस निर्देशनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**२. वित्तीय विवरण तयार गर्नु पर्ने** : बीमकले प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

**३. वित्तीय विवरणमा समावेश हुनु पर्ने** : बीमकको वित्तीय विवरणमा वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब (Revenue Account), नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन तथा अनुसूचीहरु र लेखा सम्बन्धी नीति तथा टिप्पणीहरु समावेश हुनु पर्नेछ ।

**४. छुट्टा-छुट्टै आय व्यय हिसाब तयार गर्नु पर्ने** : बीमकले अग्नि बीमा, सामुद्रिक बीमा, मोटर बीमा, हवाई बीमा, इन्जिनियरिङ्ग तथा ठेकेदार जोखिम बीमा र विविध बीमाको लागि छुट्टा-छुट्टै आय व्यय हिसाब तयार गर्नु पर्नेछ ।

**५. वित्तीय विवरणसंग व्यवस्थापनको प्रतिवेदन संलग्न गर्नु पर्ने** : बीमकको वित्तीय विवरणसंग परिशिष्ट-१ बमोजिमको व्यवस्थापनको प्रतिवेदन संलग्न गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदन बीमकको संचालक समितिको बैठकबाट अनुमोदित हुनु पर्नेछ ।

**६.तोकिएको ढाँचामा विवरण तयार गर्नु पर्ने :**

६.१ बीमकले आफ्नो वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन तथा अनुसूचीहरु र अन्य विवरणहरु यस निर्देशनमा तोकिएको ढाँचा र तरिका अनुसार तयार गर्नु पर्नेछ ।

६.२ बीमकको वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन तथा अनुसूचीहरुमा तोकिएको कुनै शीर्षक अन्तर्गत रकम नरहेको भएतापनि सो शीर्षक कायमै राख्नु पर्नेछ र तोकिएको ढाँचामा कुनै परिवर्तन गर्न पाइने छैन ।

तर अनुसूचीको “अन्य” शीर्षक भित्र आवश्यकतानुसार थप शीर्षकहरु समावेश गर्न कुनै बाधा पर्ने छैन ।

६.३ आयकर निर्धारणका लागि बीमकले प्रचलित आयकर ऐन तथा नियमावली बमोजिम छुट्टै ढाँचामा हिसाब तयार गर्न यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

**७. बीमा समितिको स्वीकृति बमोजिम गर्नु पर्ने :**

७.१ बीमकले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण गराई यस निर्देशन बमोजिमको वित्तीय विवरण आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र बीमा समितिको स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

७.२ निर्देशन ७.१ बमोजिम बीमा समितिमा पेश गर्नुपर्ने वित्तीय विवरणसंग व्यवस्थापनको प्रतिवेदन, आन्तरिक लेखा परीक्षण प्रतिवेदन, लेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर बीमकको संचालक समितिको प्रतिक्रिया तथा लेखा परिक्षकको विस्तृत प्रतिवेदन (Long Form Audit Report) सहित लेखा परीक्षकको प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

७.३ निर्देशन ७.२ वमोजिम बीमा समितिमा पेश भएको वित्तीय विवरण छानविन गरी बीमा समितिले स्वीकृति दिन वा निर्देशन, शर्त तथा आदेश सहित स्वीकृति दिन वा त्यस्तो विवरणमा गम्भिर त्रुटी देखिएमा परिमार्जन सहित पूनः पेश गर्न निर्देशन दिन सक्नेछ ।

७.४ निर्देशन ७.३ वमोजिम परिमार्जन सहित पुनः पेश गर्न बीमा समितिले निर्देशन दिएको तीस (३०) दिन भित्र बीमकले परिमार्जित वित्तीय विवरण स्वीकृतिको लागि बीमा समितिमा पेश गर्नु पर्नेछ । त्यसरी स्वीकृतिको लागि पुनः पेश भएको वित्तीय विवरणलाई निर्देशन ७.३ बमोजिम स्वीकृति दिन वा निर्देशन, शर्त तथा आदेश सहित स्वीकृति दिन वा बीमा समितिबाट औंल्याइएको गम्भिर त्रुटी नसच्याइएको अवस्थामा परिमार्जन सहित पुनः पेश गर्न बीमा समितिले निर्देशन दिन सक्नेछ ।

७.५ निर्देशन ७.३ बमोजिम वित्तीय विवरण सम्बन्धमा बीमा समितिबाट दिइएको स्वीकृति, निर्देशन, शर्त तथा आदेश संलग्न गरी बीमकले वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

७.६ निर्देशन ७.५ बमोजिम नभएसम्म बीमकले आफ्नो वार्षिक प्रतिवेदन अन्य निकायमा पेश गर्न, प्रकाशित गर्न वा वार्षिक साधारण सभा आव्हान गर्नु हुंदैन ।

तर प्रचलित **कानूनी ब्यवस्था बमोजिम अन्य निकायमा पेश गर्नु पर्ने वा प्रकाशित गर्नु पर्ने** विवरण पेश गर्न वा प्रकाशित गर्न यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

७.७ निर्देशन ७.५ बमोजिम तयार भएको वार्षिक प्रतिवेदन सर्व साधारणको जानकारीको लागि बीमकले आफ्नो वेभसाइट (Web-site) मा राख्नु पर्नेछ । साथै बीमा समितिबाट तोकिए बमोजिमको संक्षिप्त आर्थिक बिवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

**८. बीमाशुल्क आम्दानी बाध्नु पर्ने :**

८.१ बीमकले नगद प्राप्तिको आधारमा बीमाशुल्क आम्दानी बाँध्नु पर्नेछ । तर नगद प्राप्ति मिति भन्दा बीमाशुल्क भुक्तानी गर्नु पर्ने मिति पछि भएमा पछिल्लो मितिमा बीमाशुल्क आम्दानी बाँध्नु पर्नेछ ।

८.२ निर्देशन ८.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले पुनर्बीमा स्वीकार गरे बापत प्राप्त हुने बीमाशुल्क आम्दानी प्रोदभावी (Accural) आधारमा बाँध्न सक्नेछ ।

८.३ निर्देशन ८.१ बमोजिमको बीमाशुल्क एक वर्ष भन्दा बढी अवधिको लागि एकमुष्ठ प्राप्त भएमा पहिलो वर्षको लागि हुन आउने बीमाशुल्क आम्दानी बाँधी बाँकी रहेको रकम धरौटीको रुपमा राख्नु पर्नेछ ।

तर, एकल बीमाशुल्क तोकिएको बीमाको हकमा यो व्यवस्था लागू हुने छैन ।

८.४ निर्देशन ८.३ बमोजिम धरौटीको रुपमा राखिएको रकमबाट पछिल्ला वर्षहरुमा बीमा अवधिको समानुपातिक रुपमा बीमाशुल्क आम्दानी बाँध्नु पर्नेछ ।

**९. अभिकर्ता कमिशन खर्च लेख्नु पर्ने :** बीमा अभिकर्ता मार्फत प्राप्त बीमा व्यवसायको जुन आर्थिक वर्षमा बीमाशुल्क आम्दानी बाँधिएको हो सोही आर्थिक वर्षमा अभिकर्ता कमिशन खर्च लेख्नु पर्नेछ ।

**१०. नगद प्राप्तिको आधारमा आम्दानी बाँध्नु पर्ने :** पुनर्बीमकबाट प्राप्त मुनाफा कमिशन (Profit Commission) लाई नगद प्राप्तिको आधारमा आम्दानी बाँध्नु पर्नेछ तर मुनाफा कमिशन सम्बन्धमा पुनर्बीमकबाट लिखित समर्थन प्राप्त भएको अवस्थालाई नगद प्राप्ति सरह मान्न सकिनेछ ।

११. **<u>कूल आम्दानी बाध्नु पर्ने</u>** : बीमकले आम्दानी बाँध्दा प्रचलित आयकर ऐन बमोजिम श्रोतमा कर कट्टा हुने बीमाशुल्क, ब्याज तथा भाडा जस्ता आम्दानीहरु (लाभांश बाहेक) लाई कूल रकममा लेखाङ्कन गरी श्रोतमा कट्टा भएको करलाई अग्रिम कर भुक्तानी शीर्षकमा समावेश गर्नु पर्नेछ ।

१२. **<u>बीमा दावीको लागतमा समावेश गर्नु पर्ने</u>** : बीमकले दावीको लागत गणना गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नु पर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श तथा अनुसन्धान खर्च समावेश गर्नु पर्नेछ ।

तर बीमकको पदाधिकारी वा कर्मचारीले गरेको कामको पारिश्रमिक र अन्य खर्च बापतको रकम समावेश गर्न पाइने छैन ।

१३. **<u>बीमकको आयको बाँडफाँड गर्नु पर्ने</u>** :बीमकले बीमाशुल्क तथा अन्य प्रत्यक्ष आम्दानी बाहेकका आम्दानी सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) बीमकको लगानीबाट प्राप्त आम्दानी, बीमकको सम्पत्ती भाडामा दिए बापत प्राप्त आम्दानी र कर्जाबाट प्राप्त ब्याज लगायत परिशिष्ट २ को अनुसूची २ बमोजिमका आम्दानीहरुलाई बाँडफाँड गर्नु पर्ने कूल आम्दानीको रुपमा लिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको कूल आम्दानीलाई देहायको सूत्र प्रयोग गरी प्रत्येक बीमाको आय व्यय हिसाब तथा नाफा नोक्सान हिसाबमा बाँडफाँड गर्नु पर्नेछ ।

$$\text{आम्दानी} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{कूल आम्दानी}$$

**स्पष्टिकरण** : १) प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबको भार = आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था + आर्थिक बर्षको शुरुको भुक्तानी गर्न बाँकी दावी बापत व्यवस्था + खुद बीमा शुल्क + पुनर्बीमा कमिशन आय– अभिकर्ता कमिशन – पुनर्बीमा कमिशन खर्च – दावी भुक्तानी (खुद) ।

२) नाफा नोक्सान हिसाबको भार = आर्थिक वर्षको शुरुको नेट वर्थ (Net Worth)

३) कूल भार = प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबको भारको योगफल + नाफा नोक्सान हिसाबको भार ।

१४. **<u>व्यवस्थापन खर्चको बाँडफाँड गर्नु पर्ने</u>** :

१४.१ व्यवस्थापन खर्चमा परिशिष्ट-२ को अनुसूची **५** बमोजिमका खर्चहरु समावेश गर्नु पर्नेछ ।

१४.२ निर्देशन १४.१ बमोजिमको कूल व्यवस्थापन खर्चलाई देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ :

(क) कूल व्यवस्थापन खर्चको १०% रकम नाफा नोक्सान हिसाबमा सार्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम सारेर बाँकी रहेको व्यवस्थापन खर्चलाई देहायको सूत्र प्रयोग गरी प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबमा सार्नु पर्नेछ ।

$$\text{व्यवस्थापन खर्च} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{कूल व्यवस्थापन खर्च} \times ०.९०$$

**स्पष्टिकरण** : १) भार = सम्बन्धित बीमाको प्रत्यक्ष बीमाशुल्क - अभिकर्ता कमिशन

२) कूल भार = प्रत्येक किसिमको बीमाको भारको योगफल ।

**१५. लगानीको लेखाङ्कन गर्नु पर्ने :**

१५.१ बीमकको लगानीको लेखाङ्कन देहाय बमोजिम गर्नु पर्नेछ :

(क) नेपाल सरकारको बचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य (Face Value) वा परल मूल्य मध्ये जुन घटी छ सोही मूल्यमा देखाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य बढी भएमा त्यस्तो बढी रकमलाई सोही आर्थिक बर्षमा लगानी (खरिदमा) नोक्सानी शीर्षक अर्न्तगत खर्च देखाउनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई नगद प्राप्तिको आधारमा लगानी (खरिदमा) नाफाको रुपमा लेखाङ्कन गर्नु पर्नेछ ।

(घ) खण्ड (क) बमोजिमका बचत पत्र वा ऋणपत्रको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकमको बराबर व्यवस्था (Provision) गर्नु पर्नेछ ।

(ङ) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेप वा नागरिक लगानी कोषको लगानी योजनाहरुमा गरिएको लगानीलाई साँवा रकममा देखाउनु पर्नेछ ।

तर त्यस्तो लगानीको म्याद समाप्ती पछि कुनै कारणवश तत्काल फिर्ता हुन नसक्ने अवस्था श्रृजना भएमा त्यस्तो लगानी रकमको बराबर व्यवस्था गर्नु पर्नेछ ।

(च) पब्लिक लिमिटेड कम्पनीको सूचिकृत शेयरमा गरिएको लगानीलाई परल मूल्य वा बजार मूल्य मध्ये जुन घटी छ सोही मूल्यमा देखाउनु पर्नेछ ।

(छ) पब्लिक लिमिटेड कम्पनीको संस्थापक शेयरमा लगानी गरिएको शेयर प्रचलित कानून बमोजिम धितोपत्र बजारमा सूचिकृत नभएमा देहाय बमोजिम गर्नु पर्नेछ :

अ) बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन वर्षसम्म त्यस्तो लगानीलाई परल मूल्यमा देखाउनु पर्नेछ ।

आ) बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन वर्ष पछि त्यस्तो लगानीलाई परल मूल्यमा देखाई सो लगानी बराबरको व्यवस्था गर्नु पर्नेछ ।

(ज) खण्ड (च) बमोजिम लगानी गरिएको शेयर प्रचलित कानून बमोजिम धितोपत्र बजारको सूचीबाट हटेमा (Delisted भएमा) सो लगानी बराबरको व्यवस्था गर्नु पर्नेछ ।

१५.२ प्रचलित कानून बमोजिम बीमकको स्वामित्वमा नआएको वा नरहेको शेयर, बचतपत्र, ऋणपत्र वा अन्य सम्पत्तिलाई लगानीमा समावेश गर्न पाइने छैन ।

**१६ कर्जा लेखाङ्कन गर्नु पर्ने :**

१६.१ प्रचलित कानूनी व्यवस्था बमोजिम बीमकले कर्जा प्रदान गर्दा त्यस्तो कर्जा असुली हुने पर्याप्त आधार खडा गरी कर्जालाई साँवा रकममा देखाउनु पर्नेछ ।

१६.२ निर्देशन १६.१ बमोजिम प्रदान गरिएको कर्जा निष्कृय भएमा सो कर्जा बराबर रकम व्यवस्था गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस निर्देशनको प्रयोजनको लागि लगातार तीन महिना वा सो भन्दा बढी अवधिको भाका नाघेको कर्जालाई निस्कृय कर्जा सम्झनु पर्छ ।

**१७. छुट्टा-छुट्टै बीमा कोष राख्नु पर्ने :**

१७.१ बीमकले प्रत्येक किसिमको बीमाको लागि छुट्टा-छुट्टै बीमा कोष राख्नु पर्नेछ ।

१७.२ निर्देशन १७.१ बमोजिम खडा गरिएको कोषमा देहाय बमोजिम बाँडफाँड गरी आउने रकम जम्मा गर्नु पर्नेछ :

(क) बीमकको नाफा नोक्सान हिसाबबाट आएको खूद नाफाको पचास प्रतिशत रकमलाई प्रत्येक किसिमको बीमा कोषमा बाँडफाँड गर्नु पर्ने कूल रकमको रुपमा लिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको कूल रकमलाई देहायको सूत्र प्रयोग गरी प्रत्येक किसिमको बीमाको बीमा कोषमा बाँडफाँड गर्नु पर्नेछ ।

$$\text{बीमा कोष} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{बाँडफाँड गर्नु पर्ने कूल रकम}$$

स्पष्टिकरण : (१) प्रत्येक किसिमको बीमाको भार = सोही बीमाको आय व्यय हिसाबबाट आएको बचत (बीमकले संचालन गरेको बीमा व्यवसायहरु मध्ये कुनै व्यवसायमा नाफा र कुनै व्यवसायमा नोक्सान भएमा नोक्सान भएको बीमा व्यवसायको भार शुन्य सम्झनु पर्छ ।)

(२) कूल भार = प्रत्येक किसिमको बीमाको भारको योगफल

१७.३ बीमकले संचालन गरेको सबै बीमा व्यवसायमा नोक्सान भएको अवस्थामा निर्देशन १७.२ (क) बमोजिम बीमा कोषमा बाँडफाँड गर्नु पर्ने कूल रकमलाई साधारण जगेडामा जनाउनु पर्नेछ ।

**१८. असमाप्त जोखिमको लागि व्यवस्था :**

१८.१ प्रत्येक किसिमको बीमाको असमाप्त जोखिम बापत खूद बीमाशुल्कको कम्तिमा पचास प्रतिशत रकम व्यवस्था गर्नु पर्नेछ ।

१८.२ निर्देशन १८.१ बमोजिम व्यवस्था गरेको रकमलाई पछिल्लो आर्थिक वर्षमा आम्दानी जनाउनु पर्नेछ ।

तर सामुद्रिक बीमाको हकमा निर्देशन १८.१ बमोजिम व्यवस्था गरेको रकमलाई तीन बर्ष पछिको आर्थिक वर्षमा आम्दानी जनाउनु पर्नेछ ।

**१९. कानूनी विवाद भएको दायित्वको लागि व्यवस्था गर्नु पर्ने** : कानूनी विवाद भएको कुनै पनि दायित्वको लागि बीमकले पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

**२०. वित्तीय विवरणको ढाँचा** : बीमकको वित्तीय विवरणको ढाँचा परिशिष्ट-२ बमोजिम हुनेछ ।

**२१. वित्तीय विवरणको शीर्षकहरुको व्याख्या** : बीमकको वित्तीय विवरणमा समावेश हुने शीर्षकहरुको संक्षिप्त व्याख्या परिशिष्ट-३ बमोजिम हुनेछ ।

## परिशिष्ट-१

## (निर्देशन ५ संग सम्बन्धित)

**<u>व्यवस्थापन प्रतिवेदनमा खुलाउनु पर्ने बुँदाहरु</u> :**

**(क) <u>बीमक सम्बन्धी सामान्य जानकारी</u>** : यस शीर्षक अन्तर्गत देहायका बुँदाहरु समावेश गर्नु पर्नेछ ।

(१) संस्थापना मिति

(२) बीमक दर्ताको प्रमाणपत्र पाएको मिति

(३) बीमकले अनुमती पाएको बीमा व्यवसायको किसिम र प्रकार

(४) बीमकले व्यवसाय प्रारम्भ गरेको मिति

(५) बीमकले आवश्यक ठानेको अन्य विवरण

**(ख) <u>बीमकको संचालक समितिले देहायका बुँदाहरु प्रमाणित गर्नु पर्नेछ</u> :**

१. बीमा व्यवसाय गर्न बीमा समितिबाट जारी भएको प्रमाण पत्रको वैद्यता कायम रहेको ।

२. कानून बमोजिम बीमकले तिर्नु बुझाउनु पर्ने कर, सेवा शुल्क, दण्ड जरिवाना सम्बन्धित निकायमा बुझाउन बाँकी रहे/नरहेको ।

३. बीमकको शेयर स्वामित्वको संरचना, त्यसमा भएको हेरफेरको विवरण तथा कायम रहेको संरचना प्रचलित कानूनी व्यवस्था अनुरुप रहेको ।

४. बीमक आफ्नो दायित्व वहन गर्न सक्षम रहेको छ भन्ने उद्घोषण ।

५. (क) वास्तविक रुपमा प्राप्त हुन सक्ने मूल्य/बजार मूल्य भन्दा वासलातको मितिमा बीमकको वित्तीय विवरणमा समावेश गरिएका सम्पूर्ण सम्पत्तिहरुको मूल्य बढी नरहेको ।

(ख) बुँदा (क) बमोजिमको सम्पत्तिको मूल्य तुलना गर्न अवलम्बन गरिएको विधिको खुलासा ।

६. बीमकले गरेको लगानी प्रचलित कानूनी व्यवस्थाको परिधी भित्र रहेको उद्घोषण तथा सो नभएको भए कारण सहितको विवरण ।

७. बीमकलाई आई पर्न सक्ने सम्पूर्ण जोखिमहरु तथा सोको निराकरणका लागि अवलम्बन गरिएका नीतिहरुको खुलासा ।

८. बीमकको अन्य मुलुकमा रहेको प्रधान कार्यालय/कार्यालयको विवरण तथा त्यस्तो नेपाल बाहिरको कार्यालयले संचालन गरेको बीमा व्यवसायबाट बीमकलाई आइ पर्न सक्ने सम्पूर्ण जोखिमहरु तथा सोको निराकरणका लागि अवलम्बन गरिएका नीतिहरुको खुलासा ।

९.यस वर्ष फछ्र्यौट भएको बीमा दावीको संख्या तथा फछ्र्यौट हुन बाँकी बीमा दावीको संख्या र समयावधिको खुलासा ।

१०. वित्तीय विवरण तयार गर्दा प्रचलित बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ र सो अन्तर्गत जारी गरिएका बीमा समितिका आदेश वा निर्देशन, कम्पनी ऐन २०६३ तथा अन्य कानूनहरु तथा

लेखामान, लेखाको सिद्धान्त र नीतिहरु पालना गरिएको उद्घोषण र त्यस्ता व्यवस्थाहरु पालना हुन नसकेको भए सोको कारण सहितको खुलासा ।

११.(क) बीमकले उपयुक्त लेखा नीति अवलम्बन गरेको, सोको प्रयोगमा एकरुपता कायम गरेको र त्यस्तो नीतिको परीक्षण गरी उपयुक्तता एकिन गरेको छ भन्ने उद्घोषण ।

(ख) बीमकको वित्तीय विवरणले वासलातको मितिमा बीमकको नाफा नोक्सान लगायतका वित्तीय अवस्थाको यथार्थ तथा वास्तविक चित्रण गर्दछ भन्ने उद्घोषण ।

१२.बीमकको संचालक समितिले बीमकको सम्पत्तिको सुरक्षाको लागि तथा जालसाजी वा अन्य अनियमितता पत्ता लगाउन र रोक्नका लागि उपयुक्त र पर्याप्त व्यवस्था गरेको छ भन्ने उद्घोषण ।

१३.बीमकले "going concern basis" मा आफ्नो वित्तीय विवरण तयार गरेको हो भन्ने उद्घोषण ।

१४.बीमकको व्यवसायको आकार र प्रकृति अनुरुपको आन्तरिक लेखा परीक्षण प्रणाली विद्यमान रहेको र सो प्रणाली प्रभावकारी रहेको छ भन्ने उद्घोषण ।

१५.प्रचलित बीमा ऐन, २०४९ तथा कम्पनी ऐन २०६३ र सो अन्तर्गतका नियमावली, आदेश वा निर्देशनको प्रतिकूल हुने गरी कुनै व्यक्ति, फर्म, कम्पनी तथा बीमकको संचालक वा संचालकको स्वार्थ रहेको संस्थासंग कारोबार गरिएको छैन भन्ने उद्घोषण ।

१६.जुन बर्षको बार्षिक प्रतिवेदन तयार गरिएको हो सो बर्षमा बीमा समितिले बीमकलाई कुनै दण्ड जरिवाना तोकेको भए सो सम्बन्धी विवरण ।

१७. व्यवस्थापनले आवश्यक ठानेका अन्य कुराहरु ।

## परिशिष्ट-२
## (निर्देशन २० संग सम्बन्धित)

### १. बीमकको आय व्यय हिसाबको ढाँचा :

| बीमकको नाम : |
|---|

**आर्थिक बर्ष ...................... को ................................ बीमाको आय व्यय हिसाब**

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | | |
| २ | पुनर्बीमा कमिशन आय | | | |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | | |
| ४ | अन्य प्रत्यक्ष आय | | | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत व्यवस्था | | | |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | | | |
| | **जम्मा आय (क)** | | | |
| | **व्यय** | | | |
| ७ | दावी भुक्तानी (खुद) | ३ | | |
| ८ | अभिकर्ता कमिशन | | | |
| ९ | पुनर्बीमा कमिशन खर्च | | | |
| १० | सेवा शुल्क (खूद) | ४ | | |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | |
| १२ | व्यवस्थापन खर्च | ५ | | |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | | |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | | |
| | **जम्मा व्यय (ख)** | | | |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) = (क) - (ख) | | | |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

## २. नाफा नोक्सान हिसाबको ढाँचा :

| बीमकको नाम : |
|---|

**आर्थिक बर्ष ...................... को नाफा नोक्सान हिसाब**

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ७ | | |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २ | | |
| ३ | व्यवस्था फिर्ता | ८ | | |
| ४ | अन्य आम्दानी (विवरण खुलाउने) | | | |
| | **जम्मा आम्दानी (क)** | | | |
| | **खर्च** | | | |
| ५ | व्यवस्थापन खर्च | ५ | | |
| ६ | अपलेखन खर्च | ९ | | |
| ७ | अन्य खर्चहरु | १० | | |
| ८ | नोक्सानीको लागि व्यवस्था | ११ | | |
| ९ | कर्मचारी आवास व्यवस्था | | | |
| १० | कर्मचारी बोनस व्यवस्था | | | |
| ११ | आयकर | | | |
| | **जम्मा खर्च (ख)** | | | |
| | **खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | | | |
| १२ | बीमा कोषमा सारेको | १२ | | |
| | साधारण जगेडा कोषमा सारेको | | | |
| १३ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | | |
| १४ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | | |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | | |
| १५ | (क) पूँजीगत जगेडा<br>(ख) महा-विपत्ती जगेडा<br>(ग) विशेष जगेडा<br>(घ) अन्य जगेडा (विवरण खुलाउने)<br>(ङ) प्रस्तावित लाभांश | | | |
| १६ | वासलातमा सारेको नाफा/(नोक्सान) | | | |

अनुसूची २, ५ तथा ७ देखि १२ सम्म यसका अभिन्न अंग हुन्।

## ३. <u>बीमकको वासलातको ढाँचा</u> :

बीमकको नाम :

.................... **को वासलात**

| **क्र.सं.** | **विवरण** | **अनुसूची** | **यस बर्ष** | **गत बर्ष** |
|---|---|---|---|---|
| | **श्रोत** | | | |
| १ | चुक्ता पूँजी | १३ | | |
| २ | जगेडा तथा कोष | १४ | | |
| ३ | बीमा कोष | १२ | | |
| ४ | महा-विपत्ती जगेडा | १५ | | |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | १६ | | |
| | **कूल श्रोत** | | | |
| | **उपयोग** | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | १७ | | |
| ७ | दीर्घकालिन लगानी | १८ | | |
| ८ | दीर्घकालिन कर्जा | २० | | |
| | <u>चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु</u> : | | | |
| ९ | नगद तथा बैंक मौज्दात | १९ | | |
| १० | अल्पकालिन लगानी | १८ | | |
| ११ | अल्पकालिन कर्जा | २० | | |
| १२ | अन्य सम्पत्ती | २१ | | |
| | **जम्मा** (क) (९+१०+११+१२) | | | |
| | <u>चालु दायित्व तथा व्यवस्थाहरु</u> : | | | |
| १३ | चालु दायित्व | २२ | | |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २३ | | |
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | | |
| १६ | अन्य व्यवस्था | २३क | | |
| | **जम्मा** (ख) (१३+१४+१५+१६) | | | |
| १७ | **खूद चालु सम्पत्ती** (ग) = (क) -(ख) | | | |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | २४ | | |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | | |
| २० | **कूल उपयोग** (६+७+८+१७+१८+१९) | | | |

संभावित दायित्वहरु र अनुसूची ६ तथा १२ देखि २६ सम्म यसका अभिन्न अंग हुन् ।

**संभावित दायित्वहरु**

| **विवरण** | **यस बर्ष** | **गत बर्ष** |
|---|---|---|
| चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | | |
| प्रत्याभूति प्रतिबद्धता | | |
| बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको | | |
| बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | | |
| अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | |

४. इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरणको ढाँचा :

बीमकको नाम :

आ.व.............मा इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरण

| विवरण | शेयर पूँजी | संचित नाफा/ नोक्सान | प्रस्तावित बोनस शेयर | साधारण जगेडा | पूँजीगत जगेडा कोष | शेयर प्रिमियम | विशेष जगेडा कोष | अन्य जगेडा तथा कोष | बीमा कोष | महा-विपत्ती जगेडा | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | | | | | | | | | | | |
| समायोजन | | | | | | | | | | | |
| ............. | | | | | | | | | | | |
| ............. | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | |
| अन्तिम मौज्दात | | | | | | | | | | | |

५. नगद प्रवाहको विवरणको ढाँचा

बीमकको नाम :

**....................देखि.......................सम्मको नगद प्रवाहको विवरण**

| क.सं. | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| क | **कारोबार संचालनबाट नगद प्रवाह :** | | |
| | बीमा शुल्क आम्दानी | | |
| | पुनर्बीमा शुल्क आम्दानी | | |
| | पुनर्बीमा कमिशन आम्दानी | | |
| | अन्य प्रत्यक्ष आम्दानी | | |
| | पूनर्बीमकबाट प्राप्त दावी रिकभरी | | |
| | पुनर्बीमा शुल्क भुक्तानी | | |
| | पुनर्बीमा कमिशन भुक्तानी | | |
| | अभिकर्ता कमिशन भुक्तानी | | |
| | दावी भुक्तानी | | |
| | सेवा शुल्क भुक्तानी | | |
| | व्यवस्थापन खर्च भुक्तानी | | |
| | कर्मचारी बोनस भुक्तानी | | |
| | आयकर भुक्तानी | | |
| | चालु सम्पत्तिमा (वृद्धि)/कमी | | |
| | चालु दायित्वमा वृद्धि/(कमी) | | |
| | **कारोबार संचालनबाट खूद नगद प्रवाह (क)** | | |
| ख | **लगानी गतिविधीबाट नगद प्रवाह** | | |
| | स्थिर सम्पत्तिमा (वृद्धि) कमी | | |
| | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा लगानीमा (वृद्धि) कमी | | |
| | बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानीमा (वृद्धि) कमी | | |
| | बैंक तथा वित्तीय संस्थाको अन्य निक्षेप लगानीमा (वृद्धि) कमी | | |
| | इक्यूटी शेयर लगानीमा (वृद्धि) कमी | | |
| | अग्राधिकार शेयर/डिवेन्चरमा लगानीमा (वृद्धि) कमी | | |
| | अन्य लगानीमा (वृद्धि) कमी | | |
| | पेश्की तथा कर्जामा (वृद्धि) कमी | | |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (लगानीमा) | | |
| | भुक्तानी प्राप्त डिभिडेन्ड | | |
| | भाडा आम्दानी | | |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (कर्जामा) | | |
| | अन्य अप्रत्यक्ष आम्दानी | | |
| | **लगानी गतिविधीबाट खूद नगद प्रवाह (ख)** | | |
| ग | **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | |
| | शेयरबाट प्राप्त रकम | | |
| | तिर्न बाँकी सापटीमा (वृद्धि)/कमी | | |
| | अल्पकालिन ऋणमा (वृद्धि)/कमी | | |
| | ऋण सापटीमा ब्याज भुक्तानी | | |
| | लाभांश भुक्तानी | | |
| | **वित्तीय श्रोत कारोबारबाट खूद नगद प्रवाह (ग)** | | |
| | **यस वर्षको सम्पूर्ण गतिविधीबाट खूद नगद प्रवाह = (क)+(ख)+(ग)** | | |
| | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | | |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | | |

## ६ वित्तीय विवरणको अभिन्न अंगको रुपमा रहने अनुसूचीहरु

### अनुसूची-१

(क) बीमाशुल्क (खूद)

| क्र.सं. | बीमाको किसिम | कूल बीमाशुल्क | | पुनर्बीमा शुल्क भुक्तानी (**Ceded**) | | बीमाशुल्क (खूद) | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| .... | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |

(ख) कूल बीमाशुल्क

| क्र.सं. | बीमाको किसिम | प्रत्यक्ष बीमाशुल्क | | प्राप्त पुनर्बीमा शुल्क (**Accepted**) | | कूल बीमाशुल्क | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| .... | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |

अनुसूची-२

## लगानी, कर्जा तथा अन्यबाट आय

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीबाट आय | | |
| २. | वाणिज्य बैंकको मुद्दती निक्षेपबाट आय | | |
| ३. | विकास बैंकको मुद्दती निक्षेपबाट आय | | |
| ४. | नागरिक लगानी योजनाबाट आय | | |
| ५. | वित्तीय संस्थाको मुद्दती निक्षेपबाट आय | | |
| ६. | पब्लिक कम्पनीको साधारण शेयरबाट लाभांश | | |
| ७. | अग्राधिकार शेयरबाट लाभांश | | |
| ८. | बैंक तथा वित्तीय संस्थाको डिवेन्चरबाट आय | | |
| ९. | अन्य (विवरण खुलाउने) बाट आय | | |
| १०. | कर्जाबाट आय | | |
| ११. | अन्य निक्षेपबाट (मुद्दती बाहेक) आय | | |
| १२. | लगानी बिक्रीमा नाफा<br>न्यून लगानी बिक्रीमा नोक्सान | | |
| १३. | लगानी (खरीद) मा नाफा<br>न्यून लगानी (खरीद) मा नोक्सान | | |
| १४. | स्थिर सम्पत्ती बिक्रीबाट नाफा<br>न्यून स्थिर सम्पत्ती बिक्रीबाट नोक्सान | | |
| १५. | खाता अपलेखन | | |
| १६. | अघिल्ला वर्षसंग सम्बन्धित आय | | |
| १७. | अन्य आय | | |
| **जम्मा** | | | |
| **लगानी, कर्जा तथा अन्यबाट आयको बाँडफाँड** | | | |
| १ | नाफा नोक्सान हिसाबमा सारेको | | |
| २ | ............ को आय व्यय हिसाबमा सारेको | | |
| ३ | ............ को आय व्यय हिसाबमा सारेको | | |
| .... | | | |
| ... | | | |
| **जम्मा** | | | |

## अनुसूची - ३

## दावी भुक्तानी

| क.सं. | बीमाको किसिम | चालु आ.व.मा परेको दावी भुक्तानी | | एक आ.व.अघि परेको दावी भुक्तानी | | दुई आ.व.अघि परेको दावी भुक्तानी | | तीन आ.व.अघि परेको दावी भुक्तानी | | चार आ.व.वा सो भन्दा अघि परेको दावी भुक्तानी | | कूल दावी भुक्तानी | | कूल दावी भुक्तानीमा पुनर्बीमकको हिस्सा | | दावी भुक्तानी (खुद) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | |
| ... | | | | | | | | | | | | | | | | | |
| ... | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |

अनुसूची-४

## सेवा शुल्क (खूद)

| क्र.सं. | बीमाको किसिम | कूल सेवा शुल्क | | कूल सेवा शुल्कमा पुनर्बीमकको हिस्सा | | सेवा शुल्क (खूद) | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | ........बीमा | | | | | | |
| २ | ........बीमा | | | | | | |
| ३ | | | | | | | |
| .... | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |

# अनुसूची-५

## व्यवस्थापन खर्च

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | कर्मचारी खर्च (अनुसूची ५.१ बमोजिम) | | |
| २. | घर भाडा | | |
| ३. | बिजुली तथा पानी | | |
| ४. | मर्मत तथा सम्भार<br>(क) भवन<br>(ख) सवारी साधन<br>(ग) कार्यालय उपकरण<br>(घ) अन्य | | |
| ५. | संचार | | |
| ६. | छपाई तथा मसलन्द | | |
| ७. | खर्च हुने कार्यालय सामान | | |
| ८. | परिवहन | | |
| ९. | भ्रमण खर्च (भत्ता समेत)<br>(क) आन्तरिक<br>(ख) वैदेशिक | | |
| १०. | अभिकर्ता तालिम | | |
| ११. | अभिकर्ता अन्य | | |
| १२. | बीमाशुल्क | | |
| १३. | सुरक्षा खर्च | | |
| १४. | कानूनी तथा परामर्श शुल्क | | |
| १५. | पत्र पत्रिका तथा पुस्तक | | |
| १६. | विज्ञापन तथा प्रचार प्रसार | | |
| १७. | व्यापार प्रवर्द्धन | | |
| १८. | अतिथी सत्कार | | |
| १९. | चन्दा तथा उपहार | | |
| २०. | संचालक समिति सम्बन्धी खर्च<br>(क) बैठक भत्ता<br>(ख) अन्य | | |
| २१. | अन्य समिति/उप-समिति सम्बन्धी खर्च<br>(क) बैठक भत्ता<br>(ख) अन्य | | |
| २२. | साधारण सभा सम्बन्धी खर्च | | |
| २३. | लेखा परीक्षण सम्बन्धी खर्च<br>(क) लेखा परीक्षण शुल्क<br>(ख) कर लेखा परीक्षण शुल्क<br>(ग) विस्तृत लेखा परीक्षण प्रतिवेदन शुल्क<br>(घ) अन्य शुल्क<br>(ङ) आन्तरिक लेखा परीक्षण खर्च<br>(च) अन्य खर्च | | |

| | | | |
|---|---|---|---|
| २४. | ब्याज | | |
| २५. | बैक चार्ज | | |
| २६. | शुल्क तथा दस्तूर | | |
| २७. | ह्रास कट्टी | | |
| २८. | हुलाक टिकट | | |
| २९. | अन्य | | |
| **बाँडफाँडको लागि जम्मा** | | | |
| १. | नाफा नोक्सान हिसाबमा सारेको | | |
| २. | ................बीमाको आय व्यय हिसाबमा सारेको | | |
| ३. | ................बीमाको आय व्यय हिसाबमा सारेको | | |
| .... | | | |
| ... | | | |
| ... | | | |
| जम्मा | | | |

## अनुसूची ५.१

### कर्मचारी खर्च

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | तलब | | |
| २. | भत्ता | | |
| ३. | दशैं खर्च | | |
| ४. | सञ्चयकोषमा थप | | |
| ५. | तालिम खर्च | | |
| ६. | पोशाक | | |
| ७. | औषधोपचार | | |
| ८. | बीमा | | |
| ९. | पेन्सन तथा उपदान खर्च तथा व्यवस्था | | |
| १०. | विदा बापतको खर्च तथा व्यवस्था | | |
| ११. | अन्य सुविधा बापत खर्च तथा व्यवस्था (विवरण खुलाउने) | | |
| १२. | अन्य (विवरण खुलाउने) | | |
| जम्मा : | | | |

## अनुसूची -६

## आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था

| क.सं. | बीमाको किसिम | चालु आ.व.मा परेको भूक्तानी हुन बाँकी दावी | एक आ.व.अघि परेको भूक्तानी हुन बाँकी दावी | दुई आ.व.अघि परेको भूक्तानी हुन बाँकी दावी | तीन आ.व. वा सो भन्दा अघि परेको भूक्तानी हुन बाँकी दावी | सृजना भएको तर जानकारीमा नआएको दावी (अनुमानित) | भुक्तानी हुन बाँकी जम्मा दावी | भुक्तानी हुन बाँकी जम्मा दावीमा पुनर्बीमकको हिस्सा | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ... | | | | | | | | | |
| ..... | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

## अनुसूची-७

### आय व्यय हिसाबहरुबाट नाफा नोक्सान हिसाबमा सारेको रकम

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | ................... को आय व्यय हिसाबबाट सारेको | | |
| २. | ................... को आय व्यय हिसाबबाट सारेको | | |
| ३. | | | |
| ... | | | |
| ..... | | | |
| | **जम्मा** | | |

## अनुसूची-८

### व्यवस्था फिर्ता

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | लगानीमा नोक्सानीको लागि व्यवस्था फिर्ता | | |
| २. | कर्जामा नोक्सानीको लागि व्यवस्था फिर्ता | | |
| ३. | शंकास्पद आसामी व्यवस्था फिर्ता | | |
| ४ | अन्य व्यवस्था फिर्ता | | |
| जम्मा | | | |

## अनुसूची-९

### अपलेखन खर्चहरु

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | प्रारम्भिक खर्चहरु | | |
| २ | पूर्व संचालन खर्चहरु | | |
| ३ | पर सारिएका खर्चहरु | | |
| ४ | अपलेखन गरिएको लगानी | | |
| ५ | अपलेखन गरिएको कर्जा | | |
| ६ | अपलेखन गरिएको आसामी | | |
| ७ | अन्य अपलेखन | | |
| जम्मा | | | |

## अनुसूची-१०

### अन्य खर्चहरु

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | दण्ड जरिवाना | | |
| २ | विलम्ब शुल्क जरिवाना | | |
| ३ | अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | | |

## अनुसूची-११

### नोक्सानीको लागि व्यवस्था

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | लगानीमा नोक्सानीको लागि व्यवस्था | | |
| २. | कर्जामा नोक्सानीको लागि व्यवस्था | | |
| ३. | शंकास्पद आसामी व्यवस्था | | |
| ४ | अन्य व्यवस्था | | |
| जम्मा | | | |

## अनुसूची- १२

### बीमा कोष

| क.सं. | बीमाको किसिम | वर्षको शुरुमा बीमा कोष | | नाफा नोक्सान हिसाबबाट सारेको | | वर्षको अन्त्यमा बीमा कोष | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ... | | | | | | | |
| ... | | | | | | | |
| जम्मा : | | | | | | | |

## अनुसूची-१३

### (क) शेयर पूँजी

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | **अधिकृत पूँजी** | | |
| | क) रु................ दरको ........ थान साधारण शेयर | | |
| | ख) रु........... दरको ....थान अपरिवर्तनीय अग्राधिकार शेयर | | |
| | ग) रु......... दरको ...... थान परिवर्तनीय अग्राधिकार शेयर | | |
| २. | **जारी पूँजी** | | |
| | क) रु................ दरको ........ थान साधारण शेयर | | |
| | ख) रु........... दरको ....थान अपरिवर्तनीय अग्राधिकार शेयर | | |
| | ग) रु......... दरको ...... थान परिवर्तनीय अग्राधिकार शेयर | | |
| ३. | **चुक्ता पूँजी** | | |
| | क) रु................ दरको ........ थान साधारण शेयर<br>न्यून भुक्तानी प्राप्त हुन बाँकी रु.... दरको ...थान साधारण शेयर | | |
| | ख) रु........... दरको ....थान अपरिवर्तनीय अग्राधिकार शेयर | | |
| | ग) रु......... दरको ...... थान परिवर्तनीय अग्राधिकार शेयर | | |
| जम्मा | | | |

### (ख) शेयर स्वामित्वको संरचना

| शेयरधनी | | यस बर्ष | | गत बर्ष | |
|---|---|---|---|---|---|
| | | साधारण शेयर संख्या | स्वामित्वको % | साधारण शेयर संख्या | स्वामित्वको % |
| संस्थापक | नेपाली संगठित संस्थाहरु | | | | |
| | नेपाली नागरिक | | | | |
| | विदेशी | | | | |
| | जम्मा | | | | |
| सर्व साधारण | | | | | |
| अन्य (विवरण खुलाउने) | | | | | |
| **कूल** | | | | | |

### (ग) एक प्रतिशत वा बढी शेयर स्वामित्व भएका शेयरधनीहरुको विवरण

| क्र.सं. | विवरण | यस बर्ष | | गत बर्ष | |
|---|---|---|---|---|---|
| | | स्वामित्वको % | रकम | स्वामित्वको % | रकम |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| .... | | | | | |
| ... | | | | | |

## अनुसूची-१४

### जगेडा तथा कोष

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | साधारण जगेडा | | |
| २ | पूँजीगत जगेडा | | |
| ३ | विशेष जगेडा | | |
| ४ | अन्य जगेडा (विवरण खुलाउने) | | |
| ५ | शेयर प्रिमियम | | |
| ६ | प्रस्तावित बोनश शेयर | | |
| ७ | नाफा नोक्सान हिसाबबाट सारेको नाफा | | |
| जम्मा | | | |

## अनुसूची-१५

### महा-विपत्ति जगेडा

| वर्षको शुरुमा महा-विपत्ति जगेडा | | नाफा नोक्सान हिसाबबाट सारेको | | वर्षको अन्त्यमा महा-विपत्ति जगेडा | |
|---|---|---|---|---|---|
| यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| | | | | | |

## अनुसूची-१६

### तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | डिवेन्चर / बण्ड | | |
| २ | बैंक | | |
| ३ | वित्तीय संस्था | | |
| ४ | अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | | |

## अनुसूची-१७

### स्थिर सम्पत्ति

| विवरण | परल मोल | | | | ह्रास कट्टी | | | | खूद मोल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शुरु मौज्दात | यस वर्ष थपेको | यस वर्ष घटेको | जम्मा | गत वर्षसम्म | यस वर्ष | बिक्री/ समायोजन | जम्मा | यस वर्षसम्मको | गत वर्षसम्मको |
| फ्रि होल्ड जमिन | | | | | | | | | | |
| भवन | | | | | | | | | | |
| फर्निचर तथा फिक्स्चर्स | | | | | | | | | | |
| कार्यालय सामान | | | | | | | | | | |
| कम्प्यूटर तथा सूचना प्रविधी उपकरण | | | | | | | | | | |
| अदृश्य सम्पत्ति (विवरण खुलाउने) | | | | | | | | | | |
| सवारी साधन | | | | | | | | | | |
| लिज होल्ड सम्पत्ति | | | | | | | | | | |
| अन्य (प्रकृति खुलाउने) | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| निर्माणाधिन पूँजीगत खर्च | | | | | | | | | | |
| कूल | | | | | | | | | | |
| गत वर्ष | | | | | | | | | | |

## अनुसूची-१८

### लगानी

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| (क) | **दीर्घकालिन लगानी :** | | |
| १. | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटी | | |
| २. | वाणिज्य बैंकको मुद्दती निक्षेप | | |
| ३. | विकास बैंकको मुद्दती निक्षेप | | |
| ४. | नागरिक लगानी योजना | | |
| ५. | वित्तीय संस्थाको मुद्दती निक्षेप | | |
| ६. | पब्लिक कम्पनीको साधारण शेयर (अनुसूची १८.१ बमोजिम) | | |
| ७. | बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर/डिवेन्चर | | |
| ८. | अन्य (विवरण खुलाउने) | | |
| | जम्मा : | | |
| (ख) | **अल्पकालिन लगानी :** | | |
| १. | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटी | | |
| २. | वाणिज्य बैंकको मुद्दती निक्षेप | | |
| ३. | विकास बैंकको मुद्दती निक्षेप | | |
| ४. | नागरिक लगानी योजना | | |
| ५. | वित्तीय संस्थाको मुद्दती निक्षेप | | |
| ६. | बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर/डिवेन्चर | | |
| ७. | वाणिज्य बैंकको ब्याज प्राप्त हुने अन्य निक्षेप | | |
| ८. | विकास बैंकको ब्याज प्राप्त हुने अन्य निक्षेप | | |
| ९. | वित्तीय संस्थाको ब्याज प्राप्त हुने अन्य निक्षेप | | |
| १०. | अन्य ब्याज प्राप्त हुने लगानी (विवरण खुलाउने) | | |
| | जम्मा : | | |

## अनुसूची १८.१

### शेयरमा लगानी

| क्र.सं. | कम्पनी | खुद रकम | अंकित मूल्य | परल मूल्य | बजार मूल्य |
|---|---|---|---|---|---|
| १. | ......कम्पनीको............थान....... शेयर | | | | |
| २. | ......कम्पनीको............थान ...... शेयर | | | | |
| ३. | ......कम्पनीको............थान ...... शेयर | | | | |
| ... | | | | | |
| जम्मा | | | | | |

**नोट :** १. बीमकको सहायक कम्पनी/होल्डिङ्ग कम्पनी तथा संयुक्त लगानी भएको कम्पनीको शेयरमा भएको लगानीलाई छुट्टा-छुट्टै खुलाउनु पर्नेछ ।

२. नियमानुसार सूचिकृत नभएका शेयरमा भएको लगानीलाई छुट्टै खुलाउनु पर्नेछ ।

३. संस्थापक शेयर र अन्य शेयरमा भएको लगानीलाई छुट्टाछुट्टै खुलाउनु पर्नेछ ।

## अनुसूची-१९

### नगद तथा बैंक मौज्दात

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | नगद मौज्दात | | |
| | | | |
| | | | |
| जम्मा | | | |
| २ | बैंक मौज्दात | | |
| | वाणिज्य बैंकहरुको मौज्दात | | |
| | विकास बैंकहरुको मौज्दात | | |
| | वित्तीय संस्थाहरुको मौज्दात | | |
| | अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | | |
| कूल | | | |

## अनुसूची-२०

### अन्य कर्जा

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| (क) | **दीर्घकालिन** | | |
| १ | अभिकर्तालाई कर्जा | | |
| २ | कर्मचारीलाई कर्जा | | |
| ३ | अन्य (विवरण खुलाउने) | | |
| **जम्मा** | | | |
| (ख) | **अल्पकालिन** | | |
| १ | अभिकर्तालाई कर्जा | | |
| २ | कर्मचारीलाई कर्जा | | |
| ३ | अन्य (विवरण खुलाउने) | | |
| **जम्मा** | | | |

## अनुसूची- २१

### अन्य सम्पत्ति

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | लगानीबाट प्राप्त हुन बाँकी आय | | |
| २. | कर्जाबाट प्राप्त हुन बाँकी ब्याज | | |
| ३. | अन्य बीमकबाट प्राप्त हुन बाँकी | | |
| ४. | पुनर्बीमकबाट प्राप्त हुन बाँकी | | |
| ५. | विविध आसामी | | |
| ६. | अग्रिम भुक्तानी | | |
| ७. | कर्मचारी पेश्की | | |
| ८. | अन्य पेश्की | | |
| ९. | धरौटी | | |
| १०. | असुल हुन बाँकी बीमाशुल्क<br>न्यून : असुल हुन बाँकी बीमाशुल्क मुल्तवी (suspense) | | |
| ११. | अन्य विवरण खुलाउने | | |
| जम्मा : | | | |

## अनुसूची-२२

**चालु दायित्व**

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | अभिकर्तालाई दिन बाँकी | | |
| २. | अन्य बीमकलाई दिन बाँकी | | |
| ३. | पुनर्बीमकलाई दिन बाँकी | | |
| ४. | अल्पकालिन सापटी | | |
| ५. | बीमाशुल्क धरौटी | | |
| ६. | पूर्ण विवरण नखुलेको बीमाशुल्क | | |
| ७. | विविध साहू | | |
| ८. | सहायक/होल्डिङ्ग कम्पनीलाई दिन बाँकी | | |
| ९. | श्रोतमा कट्टा गरिएको कर तिर्न बाँकी | | |
| १०. | मूल्य अभिवृद्धि कर तिर्न बाँकी | | |
| ११. | आयकर तिर्न बाँकी | | |
| १२. | सेवा शुल्क तिर्न बाँकी | | |
| १३. | कर्मचारीलाई दिन बाँकी | | |
| १४. | संचालकलाई दिन बाँकी | | |
| १५. | भुक्तानी दिन बाँकी लाभांश (डिभिडेण्ड) | | |
| १६. | अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | | |

## अनुसूची-२३

**असमाप्त जोखिम व्यवस्था**

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | अग्नि बीमाको असमाप्त जोखिम जगेडा | | |
| २ | सामुद्रिक बीमाको असमाप्त जोखिम जगेडा | | |
| | चालू आ.ब.को | | |
| | एक आ.ब. अघिको | | |
| | दुई आ.ब.को अघिको | | |
| | **जम्मा :** | | |
| ३ | हवाई बीमाको असमाप्त जोखिम जगेडा | | |
| ४ | मोटर बीमाको असमाप्त जोखिम जगेडा | | |
| ५ | इन्जिनियरिङ्ग तथा ठेकेदार बीमाको असमाप्त जोखिम जगेडा | | |
| ६ | विविध बीमाको असमाप्त जोखिम जगेडा | | |
| **कूल** | | | |

# अनुसूची २३क

**अन्य व्यवस्था**

| क्र.सं. | विवरण | बर्षको शुरुमा व्यवस्था | | चालु आ.ब.मा थप गरिएको व्यवस्था | | चालु आ.ब.मा अपलेखन गरिएको व्यवस्था | | चालु आ.ब.मा फिर्ता गरिएको व्यवस्था | | बर्षको अन्तमा कायम रहेको व्यवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | लाभांश (डिभिडेण्ड) को लागि व्यवस्था | | | | | | | | | | |
| २ | आयकर व्यवस्था | | | | | | | | | | |
| ३ | लगानीमा नोक्सानीको लागि व्यवस्था | | | | | | | | | | |
| ४ | कर्जामा नोक्सानीको लागि व्यवस्था | | | | | | | | | | |
| ५ | शंकास्पद आसामीको लागि व्यवस्था | | | | | | | | | | |
| ६ | अन्य नोक्सानीको लागि व्यवस्था | | | | | | | | | | |
| ७ | **कर्मचारी सम्बन्धी व्यवस्था**<br>(क) पेन्सन तथा उपदान व्यवस्था<br>(ख) विदा वापत व्यवस्था<br>(ग) आवास तथा अन्य सुविधा व्यवस्था<br>(घ) कर्मचारी बोनस व्यवस्था<br>(ङ) अन्य | | | | | | | | | | |
| ८ | अन्य व्यवस्था (विवरण खुलाउने) | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | |

## अनुसूची-२४

**अपलेखन/समायोजन हुन बाँकी विविध खर्चहरु**

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | अपलेखन गर्न बाँकी प्रारम्भिक खर्च | | |
| २ | अपलेखन गर्न बाँकी पूर्व संचालन खर्च | | |
| ३ | अपलेखन गर्न बाँकी स्थगन गरिएका खर्च | | |
| ४ | अन्य (विवरण खुलाउने) | | |
| जम्मा | | | |

## अनुसूची-२५

## वित्तीय विवरणसंग सम्बन्धित प्रमुख लेखा नीतिहरु

**लेखा सम्बन्धी नीतिमा खुलाउनु पर्ने बुंदाहरु** : बीमकले लेखा सम्बन्धी नीतिमा देहायका बुँदाहरु खुलाउनु पर्नेछ :

१ **वित्तीय विवरण तयारीका आधारहरु** : कुन कुन अवधारणा (Concept) तथा लेखामानहरु र कानून तथा बीमा समितिका निर्देशनहरुको अधिनमा रही वित्तीय विवरण तयार गरिएको हो सोको व्यहोरा ।

वित्तीय विवरण तयार गर्दा कुनै कानून, बीमा समितिको निर्देशन वा लेखामान पालना नभएको भए सोको कारण सहित व्यहोरा ।

२ **स्थिर सम्पत्ति लेखाङ्कन नीति** : स्थिर सम्पत्ति लेखाङ्कन गर्दा अवलम्बन गरिएको नीति ।

३ **ह्रास कट्टी नीति** : बीमकको संचालक समितिबाट पारित गरी लागू गरिएको ह्रास कट्टी नीति ।

४ **पूँजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति** : बीमकको संचालक समितिले कुनै निश्चित मोलसम्म पर्ने उपकरण, सामानहरु पूँजीकृत नगर्ने नीति लिएको छ भने सोको व्यहोरा ।

५ **आयकर व्यवस्था नीति** : आयकर व्यवस्था सम्बन्धमा बीमकले अवलम्बन गरेको नीति ।

६ **लगानी लेखाङ्कन नीति** : लगानी लेखाङ्कनको सम्बन्धमा बीमकले अवलम्बन गरेको नीतिहरुलाई देहायका शीर्षकहरु अन्तर्गत खुलाउनु पर्नेछ :

(क) सरकारी बचतपत्र/ऋणपत्रमा लगानी लेखाङ्कन नीति ।

(ख) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी लेखाङ्कन नीति ।

(ग) पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी लेखाङ्कन नीति ।

(घ) पब्लिक लिमिटेड कम्पनीले जारी गरेको ऋणपत्रहरुमा लगानी लेखाङ्कन नीति ।

७ **सटही घटबढ समायोजन नीति** : विदेशी मुद्रासंग सम्बन्धित सम्पत्ति, दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरुको लेखाङ्कन नीति ।

८ **बीमाशुल्क आम्दानी लेखाङ्कन नीति** : बीमकले बीमाशुल्क आम्दानी लेखाङ्कन गर्दा अवलम्बन गरेको नीति ।

९ **पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीति** : बीमकले पुनर्बीमा गरे बापत प्राप्त गर्ने कमिशनको लेखाङ्कन गर्दा अवलम्बन गरेको नीति ।

१० **अन्य आय लेखाङ्कन तथा बाँडफाँड नीति** : बीमकले भाडा (Rent) तथा अन्य शीर्षकबाट भएको आय लेखाङ्कन तथा बाँडफाँड गर्दा अवलम्बन गरेको नीति ।

११ **कर्जा लेखाङ्कन नीति** : बीमकले कर्जा लेखाङ्कन गर्दा अवलम्बन गरेको नीति ।

१२ **व्यवस्थापन खर्च बाँडफाँड नीति** : बीमकले नाफा नोक्सान हिसाब तथा आय व्यय हिसाबहरुमा व्यवस्थापन खर्च बाँडफाँड गर्दा अवलम्बन गरेको नीति ।

१३ **बीमा दावी भुक्तानी खर्च लेखाङ्कन नीति** : बीमकले बीमा दावी भुक्तानी खर्च लेखाङ्कन गर्दा अवलम्बन गरेको नीति ।

१४ **बीमा दावी बापत दायित्व व्यवस्था लेखाङ्कन नीति** : (क) श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) बीमा दावी बापत दायित्व व्यवस्था लेखाङ्कन गर्दा बीमकले अवलम्बन गरेको नीति ।

(ख) बीमकले बीमा दावी दायित्व बापत व्यवस्था गर्दा अवलम्बन गरेको नीति ।

१५ **खूद नाफा बाँडफाँड नीति** : बीमकले खूद नाफा बाँडफाँड गर्दा अवलम्बन गरेको नीति ।

१६ **कर्मचारी उपदान, विदा तथा अन्य सुविधा बापत व्यवस्था नीति** : बीमकले कर्मचारी उपदान, विदा तथा अन्य सुविधा बापत व्यवस्था गर्दा अवलम्बन गरेको लेखाङ्कन नीति ।

१७ **शंकास्पद आसामी व्यवस्था नीति** : बीमकले शंकास्पद आसामी व्यवस्था गर्दा अवलम्बन गरेको नीति ।

१८ **अपलेखन खर्च लेखाङ्कन नीति** : बीमकले अवलम्बन गरेको अपलेखन खर्च सम्बन्धी नीति ।

१९ **अन्य नीतिहरु** : उल्लिखित नीतिहरु बाहेक वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब लगायतका वित्तीय विवरणलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने गरी अन्य कुनै लेखा नीतिको जानकारी दिन आवश्यक देखिएमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ ।

# अनुसूची-२६

## <u>वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु</u>

**<u>लेखा सम्बन्धी टिप्पणीमा खुलाउनु पर्ने बुँदाहरु</u>** : बीमकले लेखा सम्बन्धी टिप्पणीमा देहायका बुँदाहरु खुलाउनु पर्नेछ :

**१. सम्भावित दायित्वहरु :**

अ) चुक्ता वा भुक्तानी हुन बाँकी लगानी ।

आ) प्रत्याभूति प्रतिबद्धता (Underwriting Commitments) ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको ।

ई) बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी ।

उ) अन्य दायित्व (विवरण खुलाउने) ।

२. भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा अवलम्बन गरेको आधारहरु ।

३. बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरु ।

४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धता ।

५. लगानीसंग सम्बन्धित देहायका खरिद बिक्री सम्झौताहरुको मूल्य :

अ) खरिद गरिएको सम्पत्तिको स्वामित्व प्राप्त नभएको ।

आ) बिक्री गरिएको सम्पत्तिको भुक्तानी प्राप्त नभएको ।

६. यस वर्षभरी गरिएको लगानी तथा बिक्री/फिर्ता लिएको लगानीको सम्बन्धमा संस्था, मिति, परिमाण र रकम समेत खुलेको विवरण ।

७. बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्टेटमेन्ट सहितको हिसाब मिलान सम्बन्धी व्यहोरा ।

८. बीमक/पुनर्बीमकसंग लिनु दिनु बाँकी हिसाब सम्बन्धमा सम्बन्धित बीमक/पुनर्बीमकको समर्थन सहितको हिसाब मिलान सम्बन्धी व्यहोरा ।

नोट :- दलाल (Broker) मार्फत भएको पुनर्बीमाको हकमा सामान्यत सम्बन्धित दलालले पुनर्बीमकको तर्फबाट समर्थन दिन सक्नेछ ।

९. बीमकले गरेको लगानी प्रचलित बीमा ऐन, नियमावली तथा बीमा समितिबाट तोकिए बमोजिम रहे नरहेको ।

१०. बीमकको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबार ।

११. बीमकले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्य ।

१२. बीमकले कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको आ.व.तथा त्यस्तो चुक्ता प्रमाणपत्र प्राप्त हुन बाँकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरुको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकम ।

१३. फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारण ।

१४.अपलेखन हुन बाँकी खर्चको विवरण ।

१५.चुक्ता पूँजी मध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in advance) भुक्तानी प्राप्त हुन बाँकी (Call in arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिएका शेयरको विवरण ।

१६. लिज होल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष खर्च (Amortization) लेखिएको रकमको विवरण ।

१७. वर्षभरिमा भएको वासलात बाहिरको कारोबारको विवरण ।

१८. अघिल्ला बर्षहरुसंग सम्बन्धित आम्दानी तथा खर्चहरुको छुट्टाछुट्टै विवरण ।

१९.उल्लिखित बुँदाहरु बाहेक वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब लगायतका वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने अन्य कुनै जानकारी दिन आवश्यक देखिएमा अन्य व्यहोरा समेत खुलाउनु पर्नेछ ।

## अनुसूची २७
## प्रमुख सूचकाङ्कहरु

| क्र.सं. | विवरण | सूचकाङ्क | आ.ब. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | नेट वर्थ | रु. | | | | | |
| २ | शेयर संख्या | संख्या | | | | | |
| ३ | प्रति शेयर किताबी मूल्य | रु. | | | | | |
| ४ | खूद नाफा | रु. | | | | | |
| ५ | प्रति शेयर आय (EPS) | रु. | | | | | |
| ६ | प्रति शेयर लाभांश (DPS) | रु. | | | | | |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रु. | | | | | |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | | | | | |
| ९ | खूद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १० | खूद नाफा/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| ११ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | | | | | |
| १२ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | | | | | |
| १३ | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | | | | | |
| १४ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १५ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १६ | बीमा अभिकर्ता संख्या | संख्या | | | | | |
| १७ | कर्मचारी संख्या | संख्या | | | | | |
| १८ | कार्यालयको संख्या | संख्या | | | | | |
| १९ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | | | | | |
| २० | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | | | | | |
| २१ | भुक्तानी हुन बाँकी दावी रकम/भुक्तानी भएको दावी रकम | प्रतिशत | | | | | |
| २२ | भुक्तानी हुन बाँकी दावीको संख्या/यस बर्ष भुक्तानी भएको दावीको संख्या | प्रतिशत | | | | | |
| २३ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | | | | | |
| २४ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | | | | | |
| २५ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | | | | | |
| २६ | सोल्भेन्सी मार्जिन | प्रतिशत | | | | | |

## परिशिष्ट - ३

## (निर्देशन २१ संग सम्बन्धित)

## वित्तीय विवरणका शीर्षकहरुको संक्षिप्त व्याख्या

(क) **आय व्यय हिसाब तथा सो सम्बन्धी अनुसूचीका शीर्षकहरुको संक्षिप्त व्याख्या** :

१ **प्रत्यक्ष बीमाशुल्क** : बीमकले पुनर्बीमा स्वीकार गरे बापत प्राप्त बीमाशुल्क बाहेकको बीमाशुल्कको योगफलबाट नियमानुसार फिर्ता गरेको बीमाशुल्क कट्टा गरी यस शीर्षकमा जनाउनु पर्नेछ ।

२ **कूल बीमाशुल्क** : प्रत्यक्ष बीमाशुल्क र बीमकले पुनर्बीमा स्वीकार गरे बापत प्राप्त बीमाशुल्कको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

३ **बीमाशुल्क (खूद)** : कूल बीमाशुल्कबाट पुनर्बीमा दिए बापतको पुनर्बीमा शुल्क कट्टा गरी बाँकी रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

४ **पुनर्बीमा कमिशन आय** : (क) बीमकले पुनर्बीमा दिए बापत प्राप्त हुने पुनर्बीमा कमिशनलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(ख) बुँदा नं.(क) को अतिरिक्त पुनर्बीमकबाट मुनाफा कमिशन (Profit Commission) प्राप्त भएमा सोलाई यसै शीर्षकमा समावेश गरी सोको व्यहोरा लेखा सम्बन्धी टिप्पणीमा खुलाउनु पर्नेछ ।

५ **लगानी कर्जा तथा अन्यबाट आय** : सरकारी सेक्यूरिटीबाट आय, मुद्दती निक्षेपबाट आय, पब्लिक कम्पनीको शेयर/डिवेन्चरबाट आय, भाडाबाट आय, कर्जाबाट आय, अन्य निक्षेपबाट (मुद्दती बाहेक) आय, लगानी बिक्रीमा नाफा (न्यून लगानी बिक्रीमा नोक्सान), लगानी खरिदमा नाफा (न्यून लगानी खरिदमा नोक्सान), स्थिर सम्पत्ति बिक्रीबाट नाफा (न्यून स्थिर सम्पत्ति बिक्रीबाट नोक्सान), खाता अपलेखनबाट आय तथा अन्य आयको योगफललाई निर्देशन १३ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

६ **अन्य प्रत्यक्ष आय**: बीमालेख नामसारी दस्तूर, आय टिकट दस्तूर जस्ता सोही बीमाको किसिमसंग प्रत्यक्ष रुपमा सम्बन्धित आयलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

७ **दावी भुक्तानी (खुद)**: बीमकले भुक्तानी गरेको दावीको योगफलबाट पुनर्बीमकको हिस्सा कट्टा गरी बाँकी रकम यस शीर्षकमा जनाउनु पर्नेछ ।

८ **अभिकर्ता कमिशन** : अभिकर्ता कमिशनको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

९ **पुनर्बीमा कमिशन खर्च** : बीमकले पुनर्बीमा स्वीकार गरे बापत भुक्तानी गर्नु पर्ने कमिशन रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१० **सेवा शुल्क (खूद)** : बीमा समितिलाई बुझाउनु पर्ने कूल सेवा शुल्कबाट पुनर्बीमकको हिस्सा कट्टा गरी बाँकी रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

११ **अन्य प्रत्यक्ष खर्च** : बीमाको किसिमसंग प्रत्यक्ष रुपले सम्बन्धित रहेको अन्य खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१२ **व्यवस्थापन खर्च** : निर्देशन १४ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१३ **आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था** : आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी तथा श्रृजना भएको तर जानकारीमा नआएको दावीको योगफलमा नियमानुसार तोकिए बमोजिमको रकम थप गर्दा हुन आउने रकमबाट पुनर्बीमकको हिस्सा कट्टा गरी बाँकी रकम यस शीर्षकमा जनाउनु पर्नेछ ।

बीमकको अनुभवको आधारमा सृजना भएको तर जानकारीमा नआएको दावीको लागि रकम व्यवस्था गर्नु पर्नेछ ।

१४ **आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था** : असमाप्त जोखिम बापत निर्देशन १८ बमोजिम व्यवस्था गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१५ **नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)** : (क) प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबबाट भएको बचत (surplus) /नोक्सान रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(ख) बीमाको आय व्यय हिसाबबाट नोक्सान भएको अवस्थामा त्यस्तो नोक्सान रकमलाई यस शीर्षकमा ऋणात्मक रुपमा जनाउनु पर्नेछ ।

**(ख) नाफा नोक्सान हिसाब तथा सम्बन्धित अनुसूचीका शीर्षकहरुको संक्षिप्त व्याख्या :**

१ **आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)** : प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबबाट "नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)" रकमहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

२ **लगानी कर्जा तथा अन्यबाट आय** : सरकारी सेक्यूरिटीबाट आय, मुद्दती निक्षेपबाट आय, पब्लिक कम्पनीको शेयर/डिवेन्चरबाट आय, भाडाबाट आय, कर्जाबाट आय, अन्य निक्षेपबाट (मुद्दती बाहेक) आय, लगानी बिक्रीमा नाफा (न्यून लगानी बिक्रीमा नोक्सान), लगानी खरिदमा नाफा (न्यून लगानी खरिदमा नोक्सान), स्थिर सम्पत्ति बिक्रीबाट नाफा (न्यून स्थिर सम्पत्ति बिक्रीबाट नोक्सान), खाता अपलेखनबाट आय तथा अन्य आयको योगफललाई निर्देशन १३ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

३ **व्यवस्था फिर्ता** : लगानीमा नोक्सानीको लागि गरिएको व्यवस्था, कर्जामा नोक्सानीको लागि गरिएको व्यवस्था, शंकास्पद आसामीको लागि गरिएको व्यवस्था तथा अन्यको लागि गरिएको व्यवस्था रकम आंशिक वा पूर्णरुपले कायम राख्नु पर्ने अवस्था नरहेमा त्यस्ता रकमहरुलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

४ **अन्य आम्दानी** : बीमा व्यवसायसंग सरोकार नभएको पूर्व संचालन आम्दानी जस्ता आम्दानीहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

५ **व्यवस्थापन खर्च** : निर्देशन १४ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

६ **अपलेखन खर्च** : प्रारम्भिक खर्चहरु, पूर्व संचालन खर्चहरु, पर सारिएका खर्चहरु, लगानी, कर्जा, आसामी तथा अन्य अपलेखन गरिएको खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ । तर संस्थापक, संचालक तथा उच्च व्यवस्थापक वा निजहरुसंग सम्बन्धित व्यक्ति/संस्था सम्बन्धी आसामी अपलेखन गर्न पाइने छैन ।

७ **अन्य खर्चहरु** : प्रचलित कानून बमोजिम बीमा समिति तथा अन्य निकायले बीमकलाई तोकेको दण्ड, जरिवाना, बीमकले उपयोग गरेको सेवाको बुझाउनु पर्ने शुल्क समयमा नबुझाए बापत तिर्नु पर्ने विलम्ब शुल्क, जरिवाना लगायतका खर्चहरु यस शीर्षकमा जनाउनु पर्नेछ ।

८ **नोक्सानीको लागि व्यवस्था** : लगानीमा नोक्सानीको लागि व्यवस्था, कर्जामा नोक्सानीको लागि व्यवस्था, शंकास्पद आसामी व्यवस्था तथा अन्य व्यवस्थालाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

९ **आयकर** : बीमकको यस वर्षसंग सम्बन्धित आयकरलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१० **बीमा कोषमा सारेको** : बीमकको खूद नाफाबाट निर्देशन १७ बमोजिम बीमा कोषमा सारेको रकमको योगफललाई यस शीर्षकमा देखाउनु पर्नेछ ।

११ **अघिल्ला वर्षसंग सम्बन्धित खर्च** : अघिल्ला वर्ष(हरु)को आयकर, आयकरमा लागेको दण्ड/जरिवाना/विलम्ब शुल्क तथा अघिल्ला वर्षहरुमा लेखाङ्कन गर्न छुटेका खर्चहरु लगायतका अघिल्ला वर्षसंग सम्बन्धित खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

**(ग) वासलात तथा सम्बन्धित अनुसूचीका शीर्षकहरुको संक्षिप्त व्याख्या**

१ **चुक्ता पूँजी** : भुक्तानी प्राप्त भएको साधारण शेयर, अपरिवर्तनीय अग्राधिकर शेयर तथा परिवर्तनीय अग्राधिकार शेयर बापतको रकमको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

२ **जगेडा तथा कोष** : बीमकले जगेडा कायम गर्ने सिलसिलामा नाफाबाट बाँडफाँड भै आएका वा अन्य कुनै प्रक्रियाबाट श्रृजना भएका तथा नाफा नोक्सान हिसाबमा बाँडफाँड नगरी संचय गरी राखिएको रकमहरुलाई यस शीर्षकमा जनाउनु पर्नेछ । यी जगेडा प्रयोग गर्दा सम्बन्धित जगेडा तथा कोष हिसाबमा खर्च जनाउनु पर्नेछ ।

(क) **साधारण जगेडा** : बीमा नियमावली, २०४९ को नियम १५ (ग) बमोजिम खूद नाफाको पचास प्रतिशत रकम राखी आ.ब. ०६३/६४ सम्ममा खडा गरिएको जगेडा तथा निर्देशन १७.३ बमोजिम खडा गरिएको जगेडालाई यस शीर्षकमा जनाउनु पर्नेछ । यस शीर्षकमा जनाइएको रकम लाभांश वितरण प्रयोजनका लागि योग्य मानिने छैन ।

(ख) **पूँजीगत जगेडा** : चुक्ता नभएको शेयरको बाँकी रकम माग गर्दा भुक्तानी नगरेको कारणले उक्त शेयरलाई जफत गरी प्राप्त हुन आएको रकम, पूँजीगत अनुदान बापत प्राप्त हुन आएको जिन्सी तथा नगद रकम तथा बीमकको पूँजी वृद्धि गर्ने उद्देश्यले नाफाबाट सारिएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(ग) **शेयर प्रिमियम** : बीमकले आफ्नो शेयर जारी गर्दा शेयरको अङ्कित मूल्य भन्दा बढी दरले जारी गरेको रहेछ भने उक्त बढी रकम जति यस शीर्षकमा जनाउनु पर्नेछ । यस शीर्षकमा जनाइएको रकम लाभांश वितरण प्रयोजनको लागि योग्य मानिने छैन ।

(घ) **प्रस्तावित बोनश शेयर** : बीमकले प्रस्ताव गरी साधारण सभाले पारित गरेको तर जारी गरी नसकेको बोनश शेयरलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(ङ) **विशेष जगेडा** : बीमा समितिको निर्देशन बमोजिम कुनै अन्य जगेडा कोष खडा गर्नु पर्दा त्यस्तो रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(च) **<u>अन्य जगेडा</u>** : बीमकले अन्य प्रयोजनको लागि खडा गरेको जगेडालाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(छ) **<u>नाफा नोक्सान हिसाबबाट सारेको</u>** : बीमकको नाफा नोक्सान हिसाबबाट वासलातमा सारेको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

३ **<u>बीमा कोष</u>** : निर्देशन १७ बमोजिम प्रत्येक किसिमको बीमाको बीमा कोषमा सारिएको रकमको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ । यसको विवरण परिशिष्ट २ को अनुसूची १२ बमोजिम हुनु पर्नेछ । यस शीर्षकमा जनाइएको रकम लाभांश वितरण प्रयोजनको लागि योग्य मानिने छैन ।

४ **<u>महा-विपत्ती जगेडा</u>** : ठूलो परिमाणमा बीमा दावी उत्पन्न हुन सक्ने महा-विपत्ती (Catastrophy) को अवस्थामा बीमकको वित्तीय सक्षमतामा पर्न सक्ने प्रतिकूल असर कम गर्ने उद्देश्यले नाफाबाट सारिएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ । यस शीर्षकमा जनाइएको रकम लाभांश वितरण प्रयोजनको लागि योग्य मानिने छैन ।

५ **<u>तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी</u>** : वासलातको मितिमा भुक्तानी गर्न बाँकी दीर्घकालिन ऋण तथा सापटीलाई यस शीर्षकमा जनाउनु पर्नेछ । यसको विवरण परिशिष्ट २ को अनुसुची १६ बमोजिम हुनु पर्नेछ ।

६ **<u>स्थिर सम्पत्ती (खुद)</u>** : बीमकको स्वामित्व तथा भोग चलनमा रहेको स्थायी प्रकृतिका सम्पत्तीहरुको कूल मूल्यमा ह्रास कट्टा गरी बाँकी रहेको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ । यसको विवरण अनुसुची १७ बमोजिम हुनु पर्नेछ ।

७. **<u>दीर्घकालिन लगानी</u>** : बीमकले निर्देशन १५ बमोजिम गरेको दीर्घकालिन लगानीलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

**<u>स्पष्टिकरण</u>** : १. वासलातको मितिबाट एक वर्ष भन्दा बढि अवधी पछि भुक्तानी प्राप्त हुने सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटी, मुद्दती निक्षेप, नागरिक लगानी योजना, शेयर, बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर/डिवेन्चर तथा अन्य सोही प्रकृतिका लगानीहरुलाई दीर्घकालिन लगानी सम्झनु पर्छ ।

२. बीमकले पब्लिक कम्पनीको शेयरमा लगानी गरे बापत प्राप्त हुने बोनश शेयरलाई शेयर संख्यामा मात्र देखाई परल मोलमा कुनै परिवर्तन गर्नु हुंदैन ।

७.क **<u>अल्पकालिन लगानी</u>** : बीमकले निर्देशन १५ बमोजिम गरेको अल्पकालिन लगानीलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

**<u>स्पष्टिकरण</u>** : वासलातको मितिबाट एक वर्ष भित्र भुक्तानी प्राप्त हुने सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटी, मुद्दती निक्षेप, नागरिक लगानी योजना, बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर/डिवेन्चर तथा अन्य सोही प्रकृतिका लगानीहरुलाई अल्पकालिन लगानी सम्झनु पर्छ ।

८. **नगद तथा बैंक मौज्दात** : बीमकसंग रहेको कूल नगद मौज्दात रकम तथा बीमकको बैंक/वित्तीय संस्थाको ब्याज प्राप्त नहुने खातामा रहेको कूल रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

९. **अन्य दीर्घकालिन कर्जा** : निर्देशन १६ बमोजिम लेखाङ्कन गरिएको अभिकर्तालाई प्रदान गरिएको दीर्घकालिन कर्जा, कर्मचारीलाई प्रदान गरिएको दीर्घकालिन कर्जा तथा अन्य दीर्घकालिन कर्जाको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

**स्पष्टिकरण** : वासलातको मितिबाट एक वर्ष भन्दा बढि अवधी पछि भुक्तानी प्राप्त हुने अभिकर्तालाई प्रदान गरिएको कर्जा, कर्मचारीलाई प्रदान गरिएको कर्जा तथा अन्य सोही प्रकृतीका कर्जाहरुलाई दीर्घकालिन कर्जा सम्झनु पर्छ ।

९क. **अन्य अल्पकालिन कर्जा** : निर्देशन १६ बमोजिम लेखाङ्कन गरिएको अभिकर्तालाई प्रदान गरिएको अल्पकालिन कर्जा, कर्मचारीलाई प्रदान गरिएको अल्पकालिन कर्जा तथा अन्य अल्पकालिन कर्जाको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

**स्पष्टिकरण** : वासलातको मितिबाट एक वर्ष भित्र भुक्तानी प्राप्त हुने अभिकर्तालाई प्रदान गरिएको कर्जा, कर्मचारीलाई प्रदान गरिएको कर्जा तथा अन्य सोही प्रकृतीका कर्जाहरुलाई अल्पकालिन कर्जा सम्झनु पर्छ ।

१० **अन्य सम्पत्ती** : (क) यस निर्देशन बमोजिम लेखाङ्कन गरिएको बीमकको लगानीबाट प्राप्त हुन बाँकी आय, कर्जाबाट प्राप्त हुन बाँकी ब्याज, अन्य बीमकबाट प्राप्त हुन बाँकी, पुनर्बीमकबाट प्राप्त हुन बाँकी, विविध आसामी, अग्रिम भुक्तानी, कर्मचारी पेश्की, अन्य पेश्की, धरौटी तथा अन्यको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(ख) अन्य सम्पत्तीको विवरण परिशिष्ट २ को अनुसूची २१ बमोजिम हुनु पर्नेछ ।

(ग) असुल हुन बाँकी बीमाशुल्क भए सोको योगफल परिशिष्ट २ को अनुसूची २१ मा देखाउनु पर्नेछ र सो असुल हुन बाँकी बीमाशुल्क बराबरको मुल्तवी (Suspense) देखाई खूद प्रभाव (Net effect) शून्य बनाउनु पर्नेछ ।

११ **चालु दायित्व** : अभिकर्तालाई दिन बाँकी, अन्य बीमकलाई दिन बाँकी, पुनर्बीमकलाई दिन बाँकी, बीमाशुल्क धरौटी, पूर्ण विवरण नखुलेको बीमाशुल्क, विविध साहु, सहायक/होल्डिङ्ग कम्पनीलाई दिन बाँकी, श्रोतमा कट्टा गरिएको कर तिर्न बाँकी, मूल्य अभिवृद्धि कर तिर्न बाँकी, आयकर तिर्न बाँकी, सेवाशुल्क तिर्न बाँकी, कर्मचारीलाई तिर्न बाँकी, संचालकलाई तिर्न बाँकी तथा अन्य तिर्न बाँकी रकमहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१२ **असमाप्त जोखिम वापत व्यवस्था** : निर्देशन १८ बमोजिमको असमाप्त जोखिम व्यवस्थाको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१३ **भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था** : प्रत्येक किसिमको बीमाको भुक्तानी हुन बाँकी दावीको लागि गरिएको व्यवस्थाको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१४ **अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु** : अपलेखन गर्न बाँकी प्रारम्भिक खर्च, अपलेखन गर्न बाँकी पूर्व संचालन खर्च, अपलेखन गर्न बाँकी स्थगन गरिएका खर्च तथा अन्य अपलेखन वा समायोजन नभएका खर्चहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(घ) **प्रमुख सूचकाङ्कहरुमा संलग्न शीर्षकहरुको संक्षिप्त व्याख्या**

१ नेट वर्थ = चुक्ता पूँजी + जगेडा तथा कोष + बीमा कोष + महा विपत्ती जगेडा –अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु – नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान

२ प्रति शेयर किताबी मूल्य = नेट वर्थ/साधारण शेयर संख्या

३ प्रति शेयर आय = खुद नाफा/साधारण शेयर संख्या

४ मूल्य आम्दानी अनुपात = प्रति शेयर बजार मूल्य/प्रति शेयर आय

५ कूल सम्पत्ति = स्थिर सम्पत्ति + लगानी + चालु सम्पत्ति, कर्जा तथा पेश्कीहरु